# बर्जु गाउँपालिका आ.व. २०७५।०७६ को तेश्रो कार्यपालिका बैठक

मिति : २०७५।०४।३१

आज मिति २०७५ साल असोज ९ गते मंगलबारका दिन यस वर्जु गा.पा.को गाउँ पालिकाको अध्यक्ष श्री रधुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णयमा गरियो ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बर्जु गाउँ पालिका र वडा कार्यालयहरुको आ.व. २०७५।०७६ को बर्षिक खरिद योजना स्वीकृत सर्वसहमतीले स्वीकृत गरियो ।

**निर्णय नं. २**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) वमोजिम स्थानीय तहले कानुन बमोजिम आफनो आय र व्ययको आन्तरकि लेखापरिचालन गर्नु पर्ने कानुनी प्रवाधान भए बमोजिम, स्थानीय आर्थिक कार्यविधी सम्बन्धी व्यवस्था भइनसकेको कारणले आर्थिक कार्यविधी एन २०५५ र नियमावली २०६४ वमोजिम बर्जु गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय, व्ययको आन्तरिक लेखापरीक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरी संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस बर्जु गाउँपालिका भित्र कानुन बमोजिम दर्ता भई संचालन मा रहेको सहकारी संस्थाहरुले गत आ.व. २०७४।०७५ को आन्तरीक लेखा परीक्षण यही मिति २०७५ साल अशोज मसान्त भित्र सम्पन्न गरी गाउँपालिकामा सोको प्रतिबेदन पेश गरि सक्नु पर्ने र सबै सहकारी संस्था ले २०७५ पूष मसान्त भित्र आफ्नो साधाराण सभा गरी सो को जानकारी गाउँपालिकामा दिनु पर्ने लगायत कानुन बमोजिम सहकारी संस्था ले गर्नु पर्ने प्रतिवेदनहरु मासिक, चौमासिक र बार्षीक गरी नियमीत रुपमा गाउँपालिकामा प्रतिवेदन गर्ने र यसरी तोकीएको कार्य नगर्ने सहकारी संस्थालाई कानुन बमोजिम कार्वाहि तथा खण्डीत गर्ने गरी सहकारी संस्थाहरुलाई पत्रचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा बर्जु गाउँपालिकाको उपभोक्ता समितिको गठन परिचालन र व्यवस्थापन कार्यविधी २०७५ सव सर्वसहमत बाट पारित भई यसै आ.व. वाट लागु हुने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा बर्जु गाउँपालिका र यस अन्तरगतका वडा कार्यालयहरुमा दिगो विकासको लक्ष्य हासिल गर्न का लागि पूर्वाधार निर्माण अन्तरगत सडकहरुको DPR यसै आ.व.मा समपुरक कोष तयार गर्ने निर्णय गर्ने निर्णय गरियो । DPR निमार्णको लागि अधिक्तम लागत अनुमान प्रविधीक ले पेश भएको रु ५३०००। -त्तीपन्न हजार) कर र भ्याट वाहेक कायम गर्ने निणर्य गरियो । साथै उक्त कार्यको भुत्तानी सम्बन्धीत वडाको समपुरक कोष बाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा बर्जु गाउँपालिका वडा नं. ६ बस्ने संजिव कुमार चौधरी समेत ३८ जना ले बर्जु ताल विकास तथा संरक्षण समितिको निमार्ण कार्यक्रम स्थगीत गरी पाउँ भनी  दिनु भएको निवेदन सम्बन्धमा विवादित पत्रहरुलाई गाउँपालिका मा सोलाई छलफल गरी आपसी सहमतीका आधारमा निस्कर्षमा पग्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासघं नेपाल प्रदेश समन्वय समिति १ नं. विराटनगर को च.नं. ४ मिति २०७५।०५।३० को पत्रा नुसार २०७५ अशोज १२ र १३ गते प्रथम प्रदेश अधिवेशन मा सहभागी हुनुका लागि निम्न पदाधिकारीहरु लाई पठाउने र उक्त कार्यक्रम मा लाग्ने रु ३००००। गाउँपालिका बाट व्यहोरा निर्णय गरियो ।

<u>सहभागी</u>

१) अध्यक्ष - श्री रघुनन्दन चौधरी

२) उपाध्यक्ष - श्री संतीथा कुमारी राय

३) वडाध्यक्ष - श्री किशोर कु. चौधरी

४) सदस्य - श्री हेमन्ती देवी राम

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा बर्जु गाउँपालिकामा तथा वडा कार्यालयहरुका लागि आवस्यक कार्यालय सहयोगी, सुरक्षा गार्ड तथा प्रविधीक कर्मचारीहरुको सेवा करारमा लिनको लागि  निम्न अनुसारको पदपुर्ती समिति गठन गर्ने निणर्य गरियो ।

१) संयोजक - प्रमुख प्रशासकिय अधिकृत वा निजले खटाएको अधिकृत स्तरको कर्मचारी

२) सदस्य - विषय गत क्षेत्रको विज्ञ

३) सदस्य - प्रशासन तर्फका कर्मचारी

साथै समितिले आवस्यकता अनुसार थप केही सदस्यलाई आमन्त्रीत गर्न सक्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल गर्दा आ.व. २०७५।०७६ को सुत्र अनुसार entry भएको विनियोजन ऐन र आय व्ययको विवरण कार्यपालिकाको बैठकबाट पारित गर्ने निर्णय गरियो् ।

**विविध** : जेष्ठ नागरिक दिवसका अवसरमा जेष्ठ नागरिकहरु लाई सम्मान गर्ने कार्यक्रमका लागी उपाध्यक्ष ज्युको संयोजकत्वमा  सदस्य रहने गरी कार्यक्रम मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

समिति

१. संयोजक : श्री संगिता कुमारी राय

२. सदस्य :   ६ वटै वडाका वडाध्यक्षहरु

३. सदस्य :    रम्भा देवी चौधरी

४.सदस्य :     अरुण कुमार राय